नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक ११५ २०७७ साल मंसिर १६ गते मंगलबार (1 Dec. 2020 Tuesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कमला नदीमा ... ३ पृष्ठमा : 'महामारीमा अपाङ्गता ... ३ पृष्ठमा : भारतमा कोरोना भाइरस ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# लामो समयदेखी बन्द विद्यालय खुलेको भोलीपल्टै बन्द




**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

कोरोना संक्रमणको जोखिमलाई मध्यनजर गर्दै लामो समयदेखी बन्द रहेका सप्तरीका केही विद्यालय खुलेको भोली पल्टै बन्द भएका छन् ।

जिल्लाको शम्भुनाथ नगरपालिकाका केही विद्यालय संचालनमा आएको भोलिपल्टै बन्द भएका छन् । कोरोनाको जोखिम कायमै रहेको निष्कर्ष निकाल्दै हाल विद्यालय संचालनमा नल्याउने नगरपालिकाका पदाधिकारी तथा प्रधानाध्यापकको संयुक्त बैठकले सो निर्णय गरेको हो ।

यता आइतबारबाट शम्भुनाथ नगरपालिका क्षेत्र भित्रका विद्यालय संचालनमा आएको एक दिन नबित्दै सोमबार सूचना टाँस गर्दै पुनः बन्द गरिएको छ ।

उक्त नगरपालिकाभित्र २४ सामुदायिक विद्यालय छन् । अधिकांश गत चैत ११ देखी नै बन्द छन् । कोरोनाको जोखिम कायमै रहेकाले विद्यालयहरु अर्को

***बाँकी तीन पृष्ठमा***

# एकै दिन सप्तरीको तीन पालिकामा १५ शैय्याको अस्पताल शिलान्यास





**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

सप्तरीको तीन वटा स्थानिय तहमा सोमबार १५ शैय्याको अस्पतालको शिलान्यास गरिएको छ ।

संघीय सरकारको हरेक पालिकामा कम्तिमा १५ शैय्याको सरकारी अस्पताल निमार्ण गर्ने नीति अनुसार सप्तरीमा सोमबार तीन पालिकामा १५ शैययाको अस्पतालको शिलान्यास गरिएको हो ।

जसअनुसार सप्तरीको कञ्चनरुप नगरपालिकास्थित कञ्चनपुर प्राथमिक स्वास्थ्य केन्द्र, सुरुङ्गा नगरपालिकास्थित कडरबोना प्राथमिक स्वास्थ्य केन्द्र र तिरहुत गाउँपालिकास्थित लोहजारा स्वास्थ्य केन्द्रलाई १५-१५ शैय्याको अस्पतालमा स्तरोन्नति गरिएको छ ।

यसैबीच कंचनरुप नगरपालिका वडा नं. ८ मा निर्माण हुने गरि प्राथमिक अस्पतालको कञ्चनरुप नगरपालिकाका नगर प्रमुख बसन्त कुमार मिश्रले शिलान्यास गरेका छन् ।

बि.स. २०५३ सालमा स्थापना भएको प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तररोन्नती गरी प्राथमिक अस्पताल बन्न लागेको हो । संघीय सरकारले अस्पताल निर्माणका लागि चालु आ.व.मा ३ करोड २३ लाख तीन हजार बजेट विनियोजन गरेको नगरपालिकाको स्वास्थ्य शाखाका सह-संयोजक डम्बरप्रसाद गुप्ताले जानकारी दिए ।

कार्यक्रममा नगरपालिकाका उपप्रमुख निरु पोखरेल, निमित्त प्रमुख प्रशासकिय अधिकृत नवराज खडका, राजनीतिक दलका प्रतिनिधि, स्वास्थ्य शाखाका सुरेन्द्र प्रसाद यादव, वडा अध्यक्षहरु लगायतको उपस्थिति रहेको थियो ।

यस्तै जिल्लाको तिरहुत गाउँपालिका वडा नं. ५ लोहजरामा एक कार्यक्रमबीच गाउँपालिका अध्यक्ष हेमन्त बहरखेरले १५ शैययाको अस्पतालको शिलान्यास गरेका छन् ।

देशभरका ३ सय ९६ वटा

***बाँकी अन्तिम पृष्ठमा***

*सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९*

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय रा.वि.न.पा.-९ मलेठ , सप्तरी

पान नं. ३ ० ५ १ १ ४ ४ १ ७

चलानी नं. :- ८५
पत्र संख्या :- ०७७/०७८

मिति २०७७।०८।०७

सम्पूर्ण शेयरधनि महानुभावहरु,

**बिषय : संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा मिति २०७७ कार्तिक १४ गतेमा बसेको यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै सहकारी बिभागबाट मिति २०७७ असोज १ गते जारी भएको सूचना बमोजिम तपसिलको मिति, समय र स्थानमा ईकाई भेलाको माध्यमबाट निम्न प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्नु पर्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिका लागि पत्र पठाई सकिएको छ कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधारमानी यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**प्रस्ताबहरु**

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०७६/७७ को प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
२ संचालक समतिको तर्फबाट कोषाध्यक्षको प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३ लेखा सुपरिबेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.०७६/७७ प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७६/७७ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५ आर्थिक वर्ष ०७७/७८ को प्रस्ताबित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
६ आर्थिक वर्ष ०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बनधमा ।
८ बिविध सम्बन्धमा ।

**कार्यक्रम**

१ मिति २०७७ मंसिर १५ गते देखि १९ गते सम्म उपस्थिति रजिष्टर खुल्ला रहने छ , सो अबधिमा प्रत्येक दिन बिहान ८ बजे देखि ११ बजे सम्म २०० जना र दिउँसो १ बजे देखि ४ बजे सम्म २०० जना गरि जम्मा ४०० जना शेयर सदस्यहरुको उपस्थितिमा सुझाब संकलन तथा प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्ने ।
२ मिति २०७७ मंसिर २० गते शनिवार ईकाइ भेला मार्फत प्राप्त सुझाब र प्रस्ताब उपर छलफल गरि साधारण सभालाई अन्तिम रुप दिने ।

**समय : बिहान ११ बजे देखि**
**स्थान : संस्थाको प्रांगण**

विश्वनाथ मण्डल
अध्यक्ष

**लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं**

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

**तपाईंले अपनाउनु पर्ने सावधानीहरु**



भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं

सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं

पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं

हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं

भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

# जिल्लाको समग्र विकासमा एकमत हुनु आवश्यक

जिल्लामा अहिले पनि विभिन्न समस्याहरु रहेका छन् । विगत लामो समयदेखी विकासहीन रहेको सप्तरी जिल्लामा अहिले केही मात्रामा विकासका कामहरु भइरहेका छन् । जिल्लाको विभिन्न सडकहरु जिर्ण रहेको अवस्थामा ती सडकहरु मर्मतदेखी नयाँ सडक निर्माणका कार्यहरु भइरहेको छ । मधेशको लाइफलाइन मानिने हुलाकी सडकको निर्माण तिब्र रुपमा भइरहेको छ । यस्तै सदरमुकाम राजविराजका विभिन्न वडाका सडकहरुको समेत निर्माण कार्य अगाडी बढेको छ । त्यस्तै जिल्लाको विभिन्न पालिकाहरुमा स्वास्थ्य केन्द्रहरु अपग्रेड भई १५ शैय्याको अस्पतालमा परिणत भएको छ भने भारदहमा ५० शैययाको अस्पताल निर्माण हुँदैछ ।

यसरी जिल्लामा ढिलो भएपनि बिस्तारै विकासीय कार्यहरुले गति लिइरहेको छ । यता शिक्षातर्फ राजविराजमा नर्सिङ र इन्जिनियरिङ कलेज समेत निर्माणको गतिमा रहेको छ । सदरमुकाम बाहिर कंचनरुप नगरपालिकामा मदनग्राम खेलमैदानको काम समेत सूचारु भइरहेको छ भने सोही नगरपालिकामा कभर्ड हलको निर्माण भएको छ । यी विकासी कार्यहरु कुनै एकल प्रयासले मात्र नभई सम्पूर्ण जनप्रतिनिधि तथा जिल्लावासीहरुको सहयोगमा भइरहेको छ । यो भन्दा पनि ठूलो स्वास्थ्य क्षेत्रमा रामराजा प्रसाद सिंह विज्ञान प्रतिष्ठानले पूर्णता पायो भने जिल्लाको विकासमा ठूलो ठेवा पुग्ने विश्वास रहेको छ ।

तसर्थ यस्ता विकासीय कार्यहरु सम्पन्न गर्न र गराउन सम्पूर्ण जिल्लावासीहरु एकमत भई अझ क्रियाशिलका साथै जनप्रतिनिधिहरुलाई घचघचाउने कार्यलाई निरन्तरता दिनु पर्ने आवश्यकता रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# कमला नदीमा भूतमेला

लहान, १५ मङ्सिर (रासस) ।

सिरहा र धनुषाको सीमामा पर्ने कमला नदीमा सोमबार बिहानैदेखि धामीभfाँक्री, बोक्साबोक्सी र भूतप्रेतबाट पीडितको घुइँचो लागेको छ । कमला नदीमा स्नान गरेपछि तान्त्रिक विद्यासिद्ध हुने जनविश्वासका साथ गाउँगाउँबाट भूतमेला भर्न कमला नदीमा श्रद्धालुको घुइँचो लागेको हो ।

स्थानीय प्रशासनले कोरोना सङ्क्रमणको जोखिम बढ्नसक्ने भन्दै भिडभाड नगर्न निषेधाज्ञा जारी गरे पनि सूर्योदयसँगै सोमबार बिहानैदेखि हजारौँ नवधामीझाँक्रीले कमला नदीमा डुबुल्की लगाई गुरुसँग शपथ लिइरहेका छन् ।

कमला नदी किनारमा भगत (देउता) खेल्नेको घुइँचो लागेको छ । आफ्नो शरीरमा बास बस्न आएका देवतालाई पवित्र पार्न तथा शरीरमा देवीदेवताको स्थायीबासका लागि कात्तिक पूर्णिमामा स्नान गर्ने प्रचलन रहेको छ । कतिपय कात्तिक पूर्णिमाको पूर्वसन्ध्यामा आइतबार कमला नदीको तटमा पुगेर राति बास बसेका र सोमबार बिहानै कमला नदीमा स्नान गरेका श्रद्धालुले बताएका छन् । कमला नदीमा स्नान गरिए कमलेश्वरी देवीले तान्त्रिक विद्याको वर दिने तथा योग पाको हुने जनविश्वासका कारण वर्षेनी सो नदीमा स्नान गर्नेको सङ्ख्या अत्यधिक रहने गरेको छ ।

भूतमेलामा स्नान गरेपछि घर आउने बेलामा भक्तजनले कमला नदी र गङ्गासागरको शुद्ध पानी आआफ्नो घर लैजाने गर्छन् । मूलधामीले मन्त्र सिद्धि गरिदिएपछि धामी बन्ने प्रक्रिया पूरा हुन्छ । तन्त्रशास्त्रका अनुसार तन्त्रसिद्धिका लागि यस दिन पूर्णाहुति दिने चलन छ । कमला नदीमा आएर शपथ लिएपछि धामीझाँक्री पाको हुने विश्वास गरिन्छ । भारतसहित सिरहा, धनुषा, महोत्तरी, सर्लाही, सप्तरीलगायतका ठाउँबाट लावालस्करका साथ उफ्रँदै आएका धामीझाँक्रीले तन्त्रमन्त्र गरेको दृश्य हेर्न निकै ठूलो भीड लाग्ने गर्दछ ।

# सिरहा र सप्तरीमा धान उत्पादनमा वृद्धि

लहान, १५ मङ्सिर (रासस) ।

सिरहा र सप्तरीमा यस वर्ष धान उत्पादनमा वृद्धि भएको छ । समयमा वर्षा भएको, मौसम अनुकूल भएको र रोग किराको प्रकोप कम भएकाले यस वर्ष धान उत्पादनमा वृद्धि भएको हो । यस वर्ष सिरहामा ५४ हजार हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन मेट्रिक टनका दरले एक लाख ६२ हजार मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र सिरहाका निमित्त प्रमुख किसुनदेव यादवले जानकारी दिनुभयो ।

यस्तै सप्तरीमा ६३ हजार हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन मेट्रिक टनका दरले एक लाख ८९ हजार मेट्रिक टन धान उत्पादन भएको निमित्त प्रमुख यादवले बताउनुभयो । गत वर्ष प्रतिहेक्टर दुई दशमलव ४५ मेट्रिकका दरले धान उत्पादन भएको थियो ।

यस वर्ष मौसम अनुकूल भएको, रोगकिराको प्रकोप कम भएको र समयमै पर्याप्त वर्षा भएकाले धान उत्पादन बढेको उहाँको भनाइ छ । सिरहामा सोना मन्सुरी, कान्छी, राधा १२, सावित्री, रामधान, मन्सुली, हर्दिनाथ, तरहरा-१, सुगा-३ स्थानीय वास्मतीलगायतको धान व्यापकरूपमा लगाउने गरिएको छ ।

# हत्या गरिएका अवस्थामा शव फेला

इनरुवा, १५ मङ्सिर (रासस) ।

पाँच दिनदेखि बेपत्ता सुनसरी, दुहबी नगरपालिका-३ भीरगाउँका १७ वर्षीय सुजन चौधरीको शव हत्या गरिएका अवस्थामा फेला परेको छ । घरदेखि करीब पाँच सय मिटर उत्तर अरुण वनस्पति उद्योगको परिसरको खाली जग्गामा उनको शव भेटिएको हो ।

नेपाल टेलिकम क्षेत्रीय कार्यालय विराटनगरमा कार्यरत अधिकृत सुरेन्द्रनारायण चौधरीका छोरा सुजन यही मङ्सिर १० गते साथीका घरमा जान्छु भनेर हिँडेका थिए । साँझसम्म घर नआएको र आफन्तकहाँ पनि नभेटिएपछि खोजतलासी गरिदिन इलाका प्रहरी कार्यालय दुहबीमा मङ्सिर ११ गते जाहेरी दिइएको थियो । उनी हराएको प्रहरीलाई जानकारी गराइएको चार दिनपछि उनको शव भेटिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । कक्षा १२ मा इटहरीस्थित गोदावरी कलेजमा अध्यनरत उनको अपहरणपछि हत्या गरिएको हुन सक्ने प्रहरी उपरीक्षक कमल थापाले बताउनुभयो । घटनामा संलग्न रहेको आशङ्कामा दुहबी-२ का २१ वर्षीय सुमन झालाई पक्राउ गरिएको जनाइएको छ ।

### लामो समयदेखी ...

निर्णय नभएसम्मका लागि सोमबारदेखी पुनः बन्द गर्ने निर्णय भएको नगरप्रमुख योगेन्द्र प्रसाद चौधरीले बताए ।

उक्त नगरपालिका २ स्थित श्री आधारभुत विद्यालय कनकपटीका प्रधानाध्यापक असगर मो. मियाँले सरकारले तोकेको विद्यालय संचालन सम्बन्धी निर्देशिका अनुसार सुरक्षा सतर्कता मापदण्ड अपनाएर कक्षा संचालन गर्ने प्रयास गरिएपनि विद्यार्थीको अत्यन्त न्युन उपस्थितिका कारण सोमबारदेखी पुनः विद्यालय बन्द गर्ने निर्णय गरिएपछि सूचना टाँस गरिएको बताए । २ सय ७५ विद्यार्थी रहेको उक्त विद्यालयमा आइतबार १४ जना मात्र उपस्थित भएका थिए ।

१८ स्थानिय तह रहेको सप्तरी जिल्लामा ५ सय १३ सामुदायिक तथा १ सय ७७ निजि विद्यालय छन् । समुदायिकतर्फ १ लाख ७ सय ६ तथा निजि विद्यालयका ३४ हजार ६ सय २९ गरि कक्षा १ देखी १२ सम्म कुल १ लाख ३५ हजार ३ सय ३५ विद्यार्थी जिल्लामा अध्ययनरत छन् ।

यता जिल्ला शिक्षा तथा समन्वय इकाई सप्तरीका प्रमुख फनिन्द्र खत्रीका अनुसार कोरोनाको संक्रमण फैलिन थालेपछि चैत ११ देखी बन्द विद्यालयहरु सरकरले तोकेको विद्यालय संचालन सम्बन्धी निर्देशिकाको पालना गर्दै खोल्न स्थानिय तहलाई अनुमति प्रदान गरिएको छ ।

जसअनुसार जिल्लाका राजविराज नगरपालिका, कंचनरुप नगरपालिका, सुरुङ्गा नगरपालिका, खडग नगरपालिका, रुपनी गाउँपालिका र विष्णुपुर गाउँपालिकाले सम्बन्धीत ठाउँका अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा प्रधानाध्यापकहरुको संयुक्त बैठक राखी विद्यालय संचालनको निर्णय गरिसकेको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ‘महामारीमा अपाङ्गता भएका व्यक्ति उपेक्षित’

काठमाडौं, १५ मङ्सिर (रासस) ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले कोभिड-१९ का विषम स्थितिमा स्वास्थ्य, शिक्षा र जीवनयापनलगायत विषयमा अपाङ्गता भएका व्यक्ति उपेक्षित भएको जनाएको छ । ‘अपाङ्गता भएका व्यक्तिको २९ औं अन्तरराष्ट्रिय दिवस’का पूर्वसन्ध्यामा सोमबार आयोजित छलफल कार्यक्रममा महासङ्घका अध्यक्ष मित्रलाल शर्माले अन्य समयमा पनि आफूहरुका सवालमा राज्य र समाज गम्भीर नभएको आरोप लगाउँदै महामारीका समयमा यस क्षेत्रका व्यक्ति थप समस्यामा परेको बताउनुभयो ।


उहाँले अपाङ्गता भएका व्यक्तिलाई पछाडि पारेर समावेशीकरणको विषय पूर्ण नहुने जनाउँदै आवाजविहीनको आवाज उठाइदिन सञ्चारकर्मीसँग आग्रह गर्नुभयो । यही मङ्सिर १८ गते मनाइने उक्त दिवसको नारा ‘कोभिड-१९ पछिको उत्कृष्ट पुनरागमनको सुनिश्चितता : अपाङ्गता भएका व्यक्तिहरुको पहुँच र दिगो विकासका लागि हामी सबैको प्रतिबद्धता’ तय गरिएको छ ।

महामारी रोकथामका लागि गरिएको बन्दाबन्दीका समयमा महासङ्घले गरेको अध्ययनमा ४१ दशमलव २२ प्रतिशत अपाङ्गता भएका व्यक्तिलाई कोरोना सङ्क्रमणबारे सामान्य जानकारी रहेको र ६ प्रतिशतमा कुनै जानकारी नभएको पाइएको महासङ्घका व्यवस्थापक मनिष प्रसाईंले बताउनुभयो । उहाँले पछिल्लो समयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अपाङ्गताका विषयमा सचेत हुँदै अघि बढ्न थालेको पनि जनाउनुभयो । नेपाल अपाङ्ग मानवअधिकार केन्द्रका कार्यकारी निर्देशक जगदीशप्रसाद अधिकारीले अपाङ्गता भएका व्यक्ति अनलाइन शिक्षामा पहुँच कमजोर रहेको बताउनुभयो ।

# बेनेली मोटरसाइकलको शोरुम कल्याणपुरमा खुल्यो

**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

सप्तरीको खडक नगरपालिकास्थित कल्याणपुरमा बेनेली मोटरसाईकलका लागि एसी इलेक्ट्रोनिक एण्ड बाईक रिकन्डीसन सप्लायर्सले आधिकारीक बिक्रेता पाएको छ ।




कल्याणपुरमा स्थापना भएको नयाँ शोरुम र वर्कशप सुविधा सम्पन्न एवं अन्तराष्ट्रिय स्तरको रहेको आधिकारीक बिक्रेता संचालकको दाबी छ ।

बेनेली इटालियन मोटरसाइकल ब्रान्ड १९११ देखी नै मोटरसाइकल पारखीबिच एक बेग्लै पहिचान बनाउन सफल रहेको छ । बेनेली मोटरसाइकलहरू सबै सवारको आवश्यकताहरू पूरा गर्न र अन्तिम सवारी अनुभव र आराम सुनिश्चित गर्नका लागि सिर्जना गरिएको हो मोटरसाइकल हो । मामा भन्जा अटो इन्टरप्रइजेसले शोरूममा पाँच नयाँ मोडेल पनि प्रस्तुत गर्दैछ जसले प्रतिस्पर्धी मूल्य सुनिश्चित गर्ने र नेपाली राईडरहरुलाई फाइदा पुऱ्याउँने लक्ष्य लिएको छ । कम्पनिका अनुसार सबै मोडेलहरूमा दुई वर्ष ईन्जिन वारेण्टी रहेको जनाइएको छ ।

बेनेली मोटरसाईकल नेपालका महाप्रबन्धक हरेराम चौधरीका अनुसार मोडेलहरू शक्तिशाली ईन्जिन र अधिकतम प्रदर्शनको उत्कृष्ट संयोजन रहेकोले स्वामित्वको किफायती लागतका साथ प्रीमियम इटालेली अनुभव प्रदान गरिने बताउछन् ।

बेनेली शोरुमको प्रक्षेपणसँगै विश्वस्तरीय सवारी मेशिनहरूका विभिन्न मोडलहरू प्रदर्शन गर्दै बेनेली नेपाल उत्साहित बाइक उत्साहीहरुको माग पूरा गर्न उत्साहित रहेको उनको दाबी छ ।


# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

# भारतमा कोरोना भाइरस संक्रमितको संख्या ९४ लाख नाघ्यो

नयाँदिल्ली, १५ मङ्सिर (रासस-एएनआई) ।

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या ९४ लाख नाघेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ । भारतमा विगत चौबीस घण्टाको अवधिमा थप ३८ हजार ७७२ जना थप व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएपछि कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या ९४ लाख नाघेको सो मन्त्रालयले जानकारी दिएको हो ।

हाल भारतमा ९४ लाख ३१ हजार ६९२ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् । जसमध्ये ८८ लाख ४७ हजार ६०० व्यक्ति सङ्क्रमणमुक्त भएका छन् । सो मन्त्रालयका अनुसार हाल चार लाख ४६ हजार ९५२ व्यक्ति अझै पनि सक्रिय सङ्क्रमित अवस्थामा छन् । भारतमा एकै दिन ५० हजारभन्दा कम सङ्क्रमित भेटिएको यो लगातार २३औं दिन हो ।

भारतमा कोरोना भाइरस सङ्क्रमणबाट २४ घण्टामा थप ४४३ जनाको मृत्यु भएको र यो सहित भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ३७ हजार १३९ पुगेको छ । भारतभरी सबै भन्दा बढी कोरोना भाइरस प्रभावित राज्य महाराष्ट्र, केरला र राजधानी शहर दिल्ली भएको छ ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषदले भारतमा कूल १४ करोड ३ लाख ७९ हजार नमूना परीक्षण गरेको जनाएको छ । हिजो एकै दिनमा ८ लाख ७६ हजार १७३ व्यक्तिको कोरोना भाइरस परीक्षण भएको समाचारमा जनाइएको छ । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार दिएको जानकारीअनुसार भारतमा ९३.७१ प्रतिशत कोरोना भाइरसको सङ्क्रमण निको भएको छ ।

# बाइडेनद्वारा ह्वाइट हाउसको संचार टोलीमा महिलाहरु नियुक्त

वासिङ्टन, १५ मङ्सिर (रासस-एएनआई) ।

अमेरिकी राष्ट्रपतिमा नवनिर्वाचित जो बाइडेनले ह्वाइट हाउसको सञ्चार टोलीका सदस्यहरु सबै जना महिला हुने घोषणा गर्नुभएको छ । पूर्व अमेरिकी राष्ट्रपति बाराक ओबाको प्रशासनमा विदेश मन्त्रालयको प्रवक्ता रहनुभएकी जेन साकीलाई ह्वाइट हाउसको प्रेस सचिव नियुक्त गरिएको छ ।

बाइडेनले आफूले ह्वाइट हाउसको सञ्चार टोलीका सबै सदस्यमा महिलालाई नियुक्त गर्न पाएकोमा आफूलाई निकै खुशी र गर्व लागेको बताउनुभएको छ । उहाँहरु सबै योग्य, अनुभवी सञ्चार विज्ञ रहनुभएको बताउँदै उपराष्ट्रपतिमा निर्वाचित कमला ह्यारिसले डेमोक्रेटिक पार्टीको प्रतिबद्धतालाई कामबाटै प्रतिबिम्बित गर्न चाहेको बताउनुभएको छ ।

बाइडेनको सञ्चार टोलीको नेतृत्व भने केट बेडिङफिल्डले गर्नुहुनेछ । उहाँले ह्वाइट हाउसको सञ्चार निर्देशकको रुपमा भूमिका निर्वाह गर्नुहुनेछ । बेडिङफिल्डले बाइडेन-ह्यारिस चुनाव प्रचार अभियानको उपप्रचार व्यवस्थापकका रुपमा सेवा गर्नुभएको छ । उहाँले ह्वाइट हाउसको सञ्चार निर्देशकका रुपमा सेवा गर्ने अवसर प्रदान गर्नुभएकामा बाइडेन र ह्यारिस दुबैलाई धन्यवाद दिनुभएको छ ।

# कुकुरसँग खेल्दा बाइडेनको खुट्टा मर्कियो

विलमिङ्टन, १५ मङ्सिर (रासस-एपी) ।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति जो बाइडेनको कुकुरसँग खेल्नेक्रममा खुट्टा मर्किएको अमेरिकी सञ्चार माध्यमहरुले जनाएका छन् । बाइडेनका चिकित्सकका अनुसार बाइडेनको दायाँ खुट्टा मर्किएको र उहाँलाई केही हप्तासम्म सहयोगी आवश्यक पर्न सक्नेछ ।

बाइडेनलाई डेलावेयरस्थित नेवार्क अस्पतालमा शनिबार उपचारका लागि भर्ना गरिएको थियो । बाइडेनका चिकित्सक केभिन ओ-कोन्नोरले एक विज्ञप्ति प्रकाशन गरी प्रारम्भिक एक्स-रे गर्दा हड्डी भाँचिएको नदेखिएको बताउनुभएको छ । तर उहाँको खुट्टाको सिटी स्क्यान गर्न लागिएको पनि डा केभिनले बताउनुभयो ।

बाइडेनको उमेर हाल ७८ वर्ष रहेकाले पनि स-सानो दुःखाइ पनि जटिल हुन सक्दछ । राष्ट्रपति-निर्वाचित बाइडेनले आगामी वर्ष जनवरी २० मा राष्ट्रपतिको शपथ लिँदै हुनुहुन्छ । उहाँ अमेरिकी इतिहासमै सबैभन्दा बढी उमेरमा राष्ट्रपति बन्नु हुनेछ ।

बाइडेन अस्पतालमा जाँदा खुट्टा खोच्याउँदै हिँड्नु भएको देखिएको थियो तर वैशाखी वा अन्य कुनै सहायता लिनुभएको थिएन । राष्ट्रपति-निर्वाचित बाइडेन परिवारमा दुई वटा कुकुर छन् र उहाँहरुले दुवैलाई ह्वाइट हाउस लैजाने यसअघि नै बताइसक्नुभएको छ ।

# सक्षम परियोजनाको कार्ययोजना तथा रणनीति बारे समीक्षा गोष्ठी



**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

बिपद उत्थानशिल समुदायका लागी स्थानिय शुसासन (सक्षम) परियोजनाको भावी कार्ययोजना तथा रणनीति बारे सोमबार समीक्षा गोष्ठी सम्पन्न गरेको छ ।

कोशी पीडित समाजको आयोजना तथा एलडब्लुआरको सहकार्य र युएसआईडीको सहयोगमा र सक्षम परियोजनाको भावी योजना तथा रणनीति बारे सो गोष्ठीमा छलफल गरिएको हो ।

परियोजनाले बाढी प्रभाबित क्षेत्र हनुमाननगर कंकालनी नगरपालिकाको वडा १, ११, १४, तिलाठी कोईलाडी गाउपालिकाको १, २, ३, ४, र ५ कंचनरूप नगरपालिकाको १, ४, ५ तथा सप्तकोशी नगरपालिकाको १, २, ६, र ७ मा संचालन गरिने केभिएसका निर्देशक देव नारायण यादवले जानकारी दिएका छन् ।

सक्षम परियोजनाले सप्तरीका ४ पालिकामा २ करोड ४१ बराबरको सहयोगमा बाढी प्रभावित क्षेत्रमा जोखिम ब्यबस्थापन नीति तथा अभ्यास, जिविकोपार्जन र खाद्य सम्प्रभुता र आर्थिक पुर्नलाभ र बजार व्यवस्थापन बारेमा कार्यक्रम संचालन गरिने परियोजना संयोजक श्रवण कुमार चौधरीले जानकारी दिए ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यले बाढी प्रभावित क्षेत्रका स्थानियहरूको जिविकोपार्जनमा बिबिधिकरण खोजने भएकोले सिलाई कटाई, बजारीकरण, कृषि, पशुको बिमा, कृषकहरूको आबश्यकता अनुसारको कार्यक्रम संचालन गर्नु पर्नेमा जोड दिए ।

बाढी संकटको ब्यवस्थापनको लागि प्रत्येक पालिकामा समुदाय भवन, हेलीप्याडको ब्यबस्थापन, र स्थानिय बिपद सिकाई केन्द्रको स्थापना गर्न स्थानिय निकायका प्रमुखहरूलाई उनले आग्रह समेत गरे ।

सो अवसरमा कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादव, हनुमाननगर कंकालनी नगरपालिका उपप्रमुख सरिता यादव, तिलाठी कोईलाडी गाउपालिका उपाध्यक्ष सुचिता यादव, प्रमुख प्रशासकिय अधिकृत केशव झा, गैसस अध्यक्ष शम्भुनदन चौधरी, एलडब्लुआरका परियोजना ब्यबस्थापक राकेश कुमार साह, तिलाठी कोईलाडी गाउँपालिका वडा नं. १ का अध्यक्ष दिनेश्वर मिश्र, वडा २ का अध्यक्ष खगेन्द्र मण्डल, हनुमाननगर कंकालनी नगरपालिका वडा नं. १४ अध्यक्ष सत्य नारायण यादव, तिलाठी कोईलाडी गाउपालिका कृषि शाखा प्रमुख उदयकान्त झा, पत्रकार महासंघ सहसचिव चन्दनकुमार यादव, केभिएसका सुकदेव चौधरी लगायतको सहभागिता रहेको थियो ।

### *एकै दिन सप्तरीको ...*

स्थानीय तहमा सुचीकृत भएको अस्पताल निर्माणका लागि सोमबार एकैसाथ शिलान्यास भएको छ । मन्त्रीस्तरीय निर्णयबाट ३ सय ९६ वटा स्थानीय तहमा रहेको स्वास्थ्य संस्थालाई स्तरोन्नति गरी ५-१०-१५ शैययाको अस्पताल निर्माण गर्न लागिएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारमा सहयोगी हुने भएकाले एकैसाथ शिलान्यास गर्ने व्यवस्था गरेको हो ।

# गुरु नानकको जन्म जयन्ति मनाइयो



**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

शिख धर्मका प्रवर्तक गुरुनानकको ५५१ औं जन्म जयन्ती सोमबार सप्तरीमा पनि मनाइएको छ ।

विश्व हिन्दु परिषद नेपाल सप्तरीको आयोजनामा जिल्लाको तिरहुत गाउँपालिका वडा नं. ५ ठेलिया मठमा सो जयन्ति मनाइएको हो ।

राम किशुन साहको अध्यक्षतमा सम्पन्न कार्यक्रममा परिषद्का राष्ट्रिय गौरक्षा प्रमुख मुरली मनोहर चौधरी, काशिनाथ जोशी, परिषद्का उपाध्यक्ष अमरलाल चौधरी लगायतका बक्ताहरुले गुरु नानकको बारेमा चर्चा गरेका थिए । सो अवसरमा दजनौं साधुसन्तहरुलाई भोजन समेत खुवाइएको थियो ।

# पोखरी महाडको जिर्णोद्धार गरी बाटो निर्माणका लागि पहल गर्ने : उपसभामुख देव



**दैनिक समाचारदाता**
**राजबिराज १५, मंसिर ।**

प्रदेश २ का उपसभामुख उपमा देवले राजविराजस्थित राजदेबी पोखरी महाडको सोमबार स्थलगत अवलोकन गरेकी छिन् ।

स्थलगत अवलोकन गर्ने क्रममा उनले अतिक्रमित बाटो हटाई पोखरीको जिर्णउद्धार गर्दै वरिपरीको बाटो निर्माण गर्ने प्रतिबद्धता जनाएकी छिन् ।

राजबिराज वडा नं. २ स्थित राजदेबी पोखरी महाडको बरिपरिको बाटोमा आरसिसी ढलान तथा नाला निर्माणका लागि आउने आर्थिक बर्षमा प्रदेश संसदीय कोष मध्ये ५० लाख रकम बिनियोजन गर्ने प्रतिबद्धता जनाएकी हुन् ।

सो अवसरमा राजबिराज नगरपालिका उपप्रमुख साधना झाले पोखरी महाडको अतिक्रमित बाटोलाई हटाई बाटो निर्माण गर्न नगरपालिका हरसम्भव सहयोग गर्ने बताईन ।

उक्त बोटो फराकिलो नहुदाँ त्यस क्षेत्रका स्थानियहरूलाई आवतजावत गर्न समस्या हुनुका साथै बिरामीलाई अस्पताल सम्म ल्याउन एम्बुलेन्स बाटोमा छिर्न नसक्दाँ बिरामीलाई अस्पताल पुऱ्याउन समस्या उत्पन्न हुने गरेको स्थानिय मंजरी झाले दुखेसो पोखिन ।





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*